**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

१. सत्तारुढ राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) ले बिहार विधानसभा चुनावमा २०२ सिट जितेर भारी बहुमत हासिल गरेको छ।

२. वरिष्ठ भाजपा नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले बिहार विधानसभा चुनावमा भएको जित विकासको राजनीतिको जनादेश भएको बताउनु भएको छ।

३. प्रधानमन्त्री नरेन्द्र मोदी आज गुजरातको भ्रमणमा जानु नुहुनेछ। यस अवसरमा श्री मोदीले 9 हजार सात सय करोड़भन्दा बढी मूल्यका धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नुहुनेछ।

४. निर्वाचन आयोगले विशेष गहन संसोधन मतदाता नामावली संशोधन (एसआईआर) अभियानको दोस्रो चरणमा अहिलेसम्म ४६ करोडभन्दा बढी अधिक गणना फारामहरू वितरण गरिएको जानकारी दिएको छ।

५. भारत र दक्षिण अफ्रिकाबीच कोलकाताको इडेन गार्डेनमा भइरहेको पहिलो क्रिकेट टेस्ट म्याचको दोस्रो दिन आज भारतले आफ्नो पहिलो इनिङ एक विकेटमा ३७ रनबाट पुनः सुरु गर्नेछ।

**<u>बिहारको चुनाव परिणाम</u>**

सत्तारुढ राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) ले बिहार विधानसभा चुनावमा २०२ सिट जितेर भारी बहुमत हासिल गरेको छ। चुनाव आयोगले हिजो राति सबै २४३ सिटको परिणाम घोषणा गऱ्यो। भारतीय जनता पार्टी ८९ सिट जितेर सबैभन्दा ठूलो दलको रूपमा उभिएको छ। मुख्यमन्त्री नीतीश कुमारको नेतृत्वमा रहेको यसको सहयोगी जनता दल (युनाइटेड) ले ८५ सिट जितेको छ। केन्द्रीय मन्त्री चिराग पासवानको नेतृत्वमा रहेको लोक जनशक्ति पार्टी (रामविलास) ले १९ सिट जितेको छ। पूर्व मुख्यमन्त्री जितन राम माझीको नेतृत्वमा रहेको हिन्दुस्तानी अवम मोर्चा (धर्मनिरपेक्ष) ले पाँच सिट जितेको छ भने उपेन्द्र कुशवाहाको नेतृत्वमा रहेको राष्ट्रिय लोक मोर्चाले चार सिट जितेको छ। उप मुख्यमन्त्री सम्राट चौधरी र विजय कुमार सिन्हा, नीतीश कुमारको मन्त्रिपरिषद्का मन्त्रीहरू प्रेम कुमार, महेश्वर हजारी र संजय सरावगी र भाजपाकी मैथिली ठाकुर एनडीएबाट प्रमुख विजेताहरूमध्ये थिए।राष्ट्रिय जनता दलको नेतृत्वमा रहेको महागठबन्धनले केवल ३५ सिट जितेको छ। राष्ट्रिय जनता दलले २५ सिट जित्यो भने कांग्रेसले ६ सिट जित्यो, भारतीय कम्युनिष्ट पार्टी-मार्क्सवादी-लेनिनवादी (लिबरेशन) ले दुई सिट जित्यो र भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) र भारतीय संवाद पार्टीले एक-एक सिट जित्यो। हैदराबादका सांसद असदुद्दीन ओवैसीको नेतृत्वमा रहेको अखिल भारतीय मजलिस-ए-इत्तेहादुल मुस्लिमीन (एआईएमआईएम) ले पाँच सिट जित्यो भने बहुजन समाज पार्टीले एक सिट जित्यो।विपक्षी दलबाट राजद नेता तथा महागठबन्धनका मुख्यमन्त्री उम्मेदवार तेजस्वी यादव र सीपीआई-एमएल लिबरेशनका सन्दीप सौरभ प्रमुख विजेताहरूमध्ये थिए। बिहारको चुनावमा प्रशान्त किशोरको जन सुरज पार्टीले कुनै पनि सिट सुरक्षित गर्न सकेन। यस महिनाको ६ र ११ तारिखमा भएको दुई चरणको चुनावमा ६७ प्रतिशतभन्दा बढी मतदान भएको थियो।

**<u>प्रधानमन्त्री - बिहार विजयलाई सम्बोधन</u>**

वरिष्ठ भाजपा नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले बिहार विधानसभा चुनावमा भएको जित विकासको राजनीतिको जनादेश भएको बताउनु भएको छ। उहाँले भन्नु भयो, बिहारका जनताले नातावादको राजनीतिलाई अस्वीकार गरेका छन्। नयाँ दिल्लीस्थित भाजपा मुख्यालयमा पार्टी कार्यकर्ताहरूलाई सम्बोधन गर्दै श्री मोदीले भन्नु भयो, यो बिहारका महिलाहरूको जित हो जसले आरजेडीको जंगल राजको मार खेप्नु परेको थियो। उहाँले रेकर्ड संख्यामा मतदान गरेर लोकतन्त्र र निर्वाचन आयोगमा विश्वास देखाएकोमा जनतालाई बधाई दिनु भयो।

**बाइट**

उहाँले यसलाई लोकतन्त्रको विजयको रूपमा वर्णन गर्नु भयो जसले देशको निर्वाचन प्रक्रियामा विश्वासलाई अझ बलियो बनाउँछ।

**बाइट**

महागठबन्धनलाई तुष्टीकरण र विभाजनकारी राजनीतिको आरोप लगाउँदै प्रधानमन्त्रीले भन्नु भयो, कांग्रेस पार्टीभित्र एउटा छुट्टै गुट देखा परिरहेको छ जुन यो नकारात्मक राजनीतिबाट असहज छ। उहाँले भन्नु भयो, समाजको हरेक वर्गले एनडीएको जितमा योगदान पुऱ्याएको छ, जसमा महिला र युवाहरू अग्रपंक्तिमा छन्।

प्रधानमन्त्री मोदीले भन्नु भयो, आजको जितले केरला, तमिलनाडु, पुडुचेरी, आसाम र पश्चिम बंगालका भाजपा कार्यकर्ताहरूलाई उत्साहित बनाएको छ। उहाँले भन्नु भयो, जसरी गंगा बिहारबाट बंगालमा बग्छ, त्यसरी नै बिहारले बंगालमा भाजपाको जितको लागि मार्ग प्रशस्त गरेको छ। उहाँले पश्चिम बंगालका जनतालाई आश्वासन दिनु भयो, भाजपाले राज्यबाट जंगल राज उखेल्न उनीहरूसँग मिलेर काम गर्नेछ।

श्री मोदीले बिहारका मुख्यमन्त्री नीतीश कुमार, भाजपा प्रदेश अध्यक्ष दिलीप जयसवाल, उपमुख्यमन्त्री सम्राट चौधरी र विजय कुमार सिन्हा र पार्टी कार्यकर्ताहरूप्रति कृतज्ञता व्यक्त गर्नु भयो। उहाँले हिन्दुस्तान अवम मोर्चाका अध्यक्ष जीतन राम माझी, राष्ट्रिय समता पार्टी प्रमुख उपेन्द्र कुशवाह र लोक जनशक्ति पार्टी (रामविलास) प्रमुख चिराग पासवानको नेतृत्वको पनि प्रशंसा गरे। उनले पार्टी कार्यकर्ताहरूलाई धन्यवाद दिनु भयो र भन्नु भयो, एनडीएले पार्टी लाइनमा मात्र नभई बुथ स्तरमा पनि निर्बाध समन्वय प्रदर्शन गरेको छ।

**खरगे-राहुल-बिहार चुनाव**

कांग्रेस अध्यक्ष मल्लिकार्जुन खरगेले महागठबन्धनलाई समर्थन गर्ने बिहारका मतदाताहरूप्रति आभारी रहेको बताएका छन्। श्री खरगेले सामाजिक सञ्जाल पोस्टमा चुनावी नतिजाहरूको अध्ययन गर्ने र त्यसको पछाडिको कारण बुझेर विस्तृत दृष्टिकोण प्रस्तुत गर्ने बताएका छन्।

लोकसभाका विपक्षी नेता राहुल गान्धीले पनि महागठबन्धनमा विश्वास व्यक्त गर्ने बिहारका मतदाताहरूप्रति आभार व्यक्त गरे। सामाजिक सञ्जाल पोस्टमा श्री गान्धीले बिहारको नतिजा साँच्चै आश्चर्यजनक भएको बताए। उनले थप भने कि कांग्रेस पार्टी र कांग्रेस गठबन्धनले परिणामहरूको समीक्षा गर्नेछ र लोकतन्त्र बचाउन हरसम्भव प्रयास गर्नेछ।

**उप चुनाव परिणाम**

सात राज्यका आठ विधानसभा सिटका लागि भएको उप चुनावमा भारतीय जनता पार्टी र कांग्रेसले दुई-दुई सिट जितेका छन् भने आम आदमी पार्टी, झारखण्ड मुक्ति मोर्चा (जेएमएम), मिजो नेशनल फ्रन्ट (एमआईएफ) र पिपुल्स डेमोक्रेटिक पार्टी (पीडीपी) ले एक-एक सिट जितेका छन्।जम्मू कश्मीरमा भाजपाकी देवयानी राणाले नगरोटा विधानसभा सिट जितेकी छिन्। पीडीपी उम्मेदवार आगा सैयद मुन्तजीर मेहदीले बडगाम सिट जितेका छन्। भाजपाकी जय ढोलकियाले ओडिशाको नुआपाडामा जितेकी छिन्।तेलंगानामा कांग्रेसका नवीन यादव वी.ले हैदराबादको जुबली हिल्स विधानसभा सिट जितेका छन्। कांग्रेसका उम्मेदवार प्रमोद जैन भयाले राजस्थानको अन्ता सिट पनि जितेका छन्। झारखण्ड मुक्ति मोर्चाका उम्मेदवार सोमेश चन्द्र सोरेनले झारखण्डको घाटशिला सिट जितेका छन्। आम आदमी पार्टीका उम्मेदवार हरमीत सिंह सन्धुले पञ्जाबको तरणतारन सिट जितेका छन्। मिजो नेशनल फ्रन्टका उम्मेदवार डा. आर. लालथांगलियानाले मिजोरमको डम्पा सिट जितेका छन्।

**प्रधानमन्त्री - गुजरात भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी आज गुजरातको भ्रमणमा जानु नुहुनेछ। उहाँले नर्मदा जिल्लाको देडियापाडामा आदिवासी गौरव दिवस कार्यक्रममा भाग लिनुहुनेछ। यो कार्यक्रम महान आदिवासी नेता तथा स्वतन्त्रता सेनानी भगवान बिरसा मुण्डाको १५० औं जन्मजयन्तीको अवसरमा आयोजना गरिएको हो। यस अवसरमा, श्री मोदीले 9 हजार सात सय करोड़भन्दा बढी मूल्यका धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नुहुनेछ। यी परियोजनाहरूले आदिवासी समुदायहरूलाई उत्थान गर्नेछन् र ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा पूर्वाधार सुधार गर्नेछन्।

श्री मोदी प्रधानमन्त्री जनमन्त्री जनजाति न्याय महा अभियान (पीएम-जनमान) र धरती आबा जनजाति ग्राम उत्कर्ष अभियान (धती आबा जनजाति ग्राम उत्कर्ष अभियान) अन्तर्गत निर्माण गरिएका एक लाख घरहरूको घर-प्रवेश समारोहमा भाग लिनुहुनेछ। प्रधानमन्त्रीले आदिवासी क्षेत्रहरूमा सम्पर्क बढाउन सामुदायिक केन्द्रहरूको रूपमा सेवा गर्न ७४८ किलोमिटर नयाँ सडकहरू र १४ आदिवासी बहु-बजार केन्द्रहरूको शिलान्यास गर्नुहुनेछ।

## आदिवासी गौरव दिवस

स्वतन्त्रता सेनानी तथा आदिवासी नेता भगवान बिरसा मुण्डाको जन्मजयन्तीको सम्झनामा आज देशले आदिवासी गौरव दिवस मनाउँदैछ। आदिवासी इतिहासको संरक्षणको महत्त्वलाई बुझ्दै केन्द्र सरकारले १५ नोभेम्बरलाई आदिवासी गौरव दिवसको रूपमा मनाउने निर्णय गऱ्यो। यो उत्सव आदिवासी गौरव सप्ताहमा विस्तार भएको छ, जुन विभिन्न मन्त्रालयहरू र राज्यहरूमा सांस्कृतिक कार्यक्रमहरू, प्रदर्शनीहरू र शैक्षिक गतिविधिहरूमार्फत मनाइन्छ जसले आदिवासी नायकहरूको विरासतलाई जीवन्त बनाउँछ।

## निर्वाचन आयोग - एसआईआर

निर्वाचन आयोगले ४ नोभेम्बरमा सुरु भएको विशेष गहन संसोधन मतदाता नामावली संशोधन (एसआईआर) अभियानको दोस्रो चरणमा अहिलेसम्म ४६ करोडभन्दा बढी अधिक गणना फारामहरू वितरण गरिएको जानकारी दिएको छ। उत्तर प्रदेशमा १३ करोड ७४ लाखभन्दा बढी र पश्चिम बंगालमा ७ करोड ४० लाखभन्दा बढी फारामहरू वितरण गरिएको थियो। निर्वाचन आयोगले यो दोस्रो चरणमा नौ राज्य र तीन केन्द्र शासित प्रदेशहरूमा सुरु गरेको छ र यो ४ डिसेम्बरसम्म जारी रहनेछ।

## भारत दक्षिण अफ्रिका टेस्ट क्रिकेट

भारत र दक्षिण अफ्रिकाबीच कोलकाताको इडेन गार्डेनमा भइरहेको पहिलो क्रिकेट टेस्ट म्याचको दोस्रो दिन आज भारतले आफ्नो पहिलो इनिङ पुनः सुरु गर्नेछ। हिजो पहिलो दिनको म्याच समाप्त हुँदा भारतले एक विकेटको क्षतिमा ३७ रन बनाएको थियो। केएल राहुल १३ रन र वाशिंगटन सुन्दर ६ रनसहित क्रिजमा थिए। यसअघि ब्याटिङ गर्न आएको दक्षिण अफ्रिकाले आफ्नो पहिलो इनिङमा १५९ रन बनाएर अलआउट भएको थियो।

****** ० ******